पर्यटनको नयाँ गन्तव्य

# लिम्चुङबुङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बाराहा, उदयपुर, नेपाल

पत्र संख्या : ०८२/०८३

सूचना नं. : ४२

९८५२८२९१२०

मितिः २०८३/१/९

ने.सं. ११४६ चिल्लाथ्व षष्ठी

श्री सम्बन्धित सवै ।

**विषयः आवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस लिम्चुङबुङ गाउँपालिकाको मातहतमा रहेको सार्वजनिक बस यस गाउँपालिकाको मिति २०८३/१/७ गतेको तेह्रौं कार्यपालिका वैठकको निर्णय अनुसार भाडामा लिन चाहाने फर्म/संस्था/सार्वजनिक संस्थाहरुको लागीमात्र मासिक न्युनतम रु, ३००००।०० (अक्षरुपी तीस हजारको दरले) बढाबढ हुने गरी भाडामा दिने निर्णय भएको हुँदा इच्छुक फर्म/संस्था/सार्वजनकि संस्थाहरुले तपसिलको कागजात सहित ७ दिन भित्र यस कार्यालयमा आवेदन पेश गर्न हुनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**आवश्यक कागजात तथा सम्झौता शर्तहरुः**

१. आवेदन पेश गरेको भनि (भाडामा लिन चाहेको मूल्य तथा अवधि खुलाई) लिखित निवेदन ।
२. आवेदन दस्तुर रु, ५०० (आवेदन दस्तुर गाउँपालिकाको राजश्व खातामा नं 43295241207004 (GA 1.1 Antarik Rajaswa Khata) मा बुझाई सोको सक्कलै भौचर संलग्न गर्नु पर्नेछ वा Online तिरेको प्रमाण संलग्न गर्नु पर्नेछ ।
३. दर्ता प्रमाणपत्र, गत आ.व. को कर चुक्ताको प्रमाणपत्र, आधिकारिक व्यक्तिको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नं आदि संलग्न हुनुपर्नेछ ।
४. यस आर्थिक वर्षको वीमा पहिलो पक्षले गरिदिने, र अर्को आ.ब. देखि दोस्रो पक्ष आफैंले बीमा गरि सञ्चालन गर्ने ।
५. बसको मर्मत संभार, तेल लगायतको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले गर्ने ।
६. गाडी चलाउने दुरीको रुट परमिट दोस्रो पक्षले लिने ।
७. धरौटी रकम अग्रीम ६ महिना सम्मको एकमुष्ट जम्मा गर्नु पर्नेछ ।
८. मासिक भाडा दर कम्तिमा ३०००० हुनु पर्नेछ ।
९. हरेक महिनाको अन्तिममा कबोल गरिएको बस भाडा बापतको रकम गाउँपालिकाको आन्तरिक खातामा जम्मा गर्ने अन्यथा नगरेमा बस गाउँपालिकाले लिन सक्ने ।
१०. बस सञ्चालन हुनु भन्दा अगाडी राखिएको धरौटी रकम पहिलो पक्ष र दोस्रो पक्ष बीच बस सञ्चालनको सम्झौता रद्ध भएपछि मात्रै फिर्ता हुने ।
११. बस सञ्चालन सम्झौता हरेक ६ महिनामा नविकरण गर्ने ।
१२. दोस्रो पक्षले पहिलो पक्षलाई बस फिर्ता गर्दा दोस्रो पक्षले मर्मत संभार गरेर मात्रै गर्ने ।

सन्देश राई
प्रमुख प्रशासकीय अधिकृत

१३. दोस्रो पक्षले बस सञ्चालन गर्न नसक्ने भनि पालिकामा निवेदन दिएमा गाउँपालिकाको कार्यपालिकाबाट गरिएको निर्णय बमोजिम गरिने ।

१४. बस लापरबाही रुपमा सञ्चालन गरेको भनि कसैले उजुरी पालिकामा दिएमा सञ्चालन गर्ने पक्षलाई सोध बुझ गरी कार्यपालिकाको निर्णय बमोजिम गर्ने ।

१५. बस चालकले मध्यपान, धुम्रपान गरेर बस सञ्चालन गर्न नहुने, यदि त्यस्तो भएमा पालिकाले कारवाही गर्न सक्ने ।

१६. बस चालकको सवारी चालक अनुमति पत्र अनिवार्य हुनु पर्ने अन्यथा नभएको व्यक्तिले चलाएमा त्यसको जिम्मेवारी स्वयं दोस्रो पक्ष हुनु पर्ने ।

०८३/०९/०५
सन्देश राई
प्रमुख प्रशासकीय अधिकृत